राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १७७ २०८२ माघ १६ गते शुक्रवार (30 Jan. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## मधेशका १,२४६ मतदानस्थल अति संवेदनशील

दैनिक समाचारदाता

जनकपुरधाम १५ माघ । आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनअन्तर्गत मधेश प्रदेशका कुल दुई हजार १६० मतदानस्थलमध्ये एक हजार २४६ मतदानस्थल अति संवेदनशील रहेको जनाइएको छ ।

मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार भारतीय सीमासँग जोडिएका अधिकांश मतदानस्थल अतिसंवेदनशीलमा वर्गीकरण गरिएका छन् ।

त्यसको अनुगमन तथा सुरक्षाका उपायबारे योजनाबद्ध काम भइरहेको मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता कमल थापाले बताए ।

आज जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा मधेश प्रदेशमा प्रतिनिधिसभाका लागि ३२ वटा निर्वाचन क्षेत्र रहेकामध्ये ७५५ मतदानस्थल संवेदनशील र १५९ मतदानस्थल सामान्य रहेको जानकारी दिइएको छ ।

मधेश प्रदेशमा कुल चार हजार ४७१ मतदान केन्द्र छन् । विभिन्न राजनीतिक दल तथा स्वतन्त्र गरी एक हजार २८ जना उम्मेदवार छन् ।

मधेश प्रदेशमा ३५ लाख १७ हजार १२३ मतदाता छन् । जसमा पुरुषको सङ्ख्या १९ लाख पाँच हजार ८१९ र महिलाको सङ्ख्या १६ लाख ११ हजार ३०४ रहेको जनाइएको छ ।

## यौन दुर्व्यवहार आरोपमा शिक्षक पक्राउ







दैनिक समाचारदाता

सिन्धुपाल्चोक १५ माघ । विद्यार्थीलाई यौन दुर्व्यवहार गरेको आरोपमा सिन्धुपाल्चोकमा एक शिक्षक पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा चौतारा साँगाचोकगढी नगरपालिका-१२ साँगाचोकस्थित जनजागृति माध्यमिक विद्यालयका शिक्षक जितराज गिरी छन् । उनलाई पक्राउ गरेर म्याद थपको प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकका एसपी काजिकुमार आचार्यले बताए ।

स्कूल नजिकै गिरीको आफ्नै स्टेशनरी पसल छ । उक्त स्टेशनरीमा गएका बेला १२ वर्षीया छात्रालाई गिरीले यौन दुर्व्यवहार गरेको आरोप लागेको छ । पीडित छात्रा कक्षा ७ मा अध्ययनरत छिन् ।

पीडित बालिकाले आफूमाथि भएको यौन दुर्व्यवहारबारे आफन्तलाई भनेपछि गिरीलाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाइएको हो ।

अहिले पीडित बालिकाका आफन्तले प्रहरीमा जाहेरी दिइसकेकाले म्याद थपको प्रक्रिया अघि बढाइएको प्रहरीले बताएको छ ।

यता आरोपित गिरीले भने 'माया गरेर गाला मात्रै छोएको' दाबी गर्दै आएका थिए । गिरीले आरोप अस्वीकार गरेपछि बालिकाका आफन्तले बुधबार दबाब समेत सिर्जना गरेका थिए ।

घटनाबारे जानकारी पाएपछि बालिकाका अभिभावक विद्यालय पुगेर छलफल समेत गरेका थिए ।

तर आरोपित गिरीले अस्वीकार गरेपछि अवस्था तनावग्रस्त बनेको थियो । विद्यालयमा अवस्था तनावग्रस्त बनेपछि आरोपित शिक्षकलाई प्रहरीले नियन्त्रणमा लिएको थियो ।

## जेनजी आन्दोलनपछि फरार कैदीको १० जनाको लुटेरा समूह पक्राउ



दैनिक समाचारदाता

काठमाडौं ५ माघ । जेनजी आन्दोलनको भीडभाडको मौका छोपी प्रहरी हिरासतबाट फरार भएका एक कैदीले समूह खडा गरी काठमाडौं उपत्यकामा शृंखलाबद्ध लुटपाट मच्चाएको खुलासा भएको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंले बिहीबार बिहान गोली प्रहार गरी १० जनालाई नियन्त्रणमा लिएपछि गरिएको अनुसन्धानमा उक्त गिरोहको मुख्य योजनाकार जेनजी आन्दोलनकै क्रममा फरार भएका काभ्रेको भुम्लु गाउँपालिका-३ का २३ वर्षीय विनय तामाङ रहेको पुष्टि भएको हो ।

डाँका चोरी मुद्दामा पक्राउ परी प्रहरी वृत्त महाराजगञ्जको हिरासतमा रहेका तामाङ आन्दोलनको अव्यवस्थाको फाइदा उठाउँदै फरार भएका थिए । फरार भएलगत्तै उनले १० जनाको समूह बनाएर उपत्यकाका विभिन्न स्थानमा सुनचाँदी, नगद तथा मोबाइल लुटपाट गर्दै आतंक सिर्जना गरेको प्रहरीको भनाइ छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंका एसएसपी रमेश थापाका अनुसार तामाङकै योजनामा समूहले रातको समयमा शृंखलाबद्ध रूपमा लुटपाट गर्ने गरेको पाइएको छ । जेनजी आन्दोलनको मौका छोपी हिरासतबाट फरार भएका विनय नै यस गिरोहका मुख्य नाइके हुन् र उनकै निर्देशनमा उपत्यकाभर लुटपाट गरिएको देखिन्छ ।

रातिको समयमा सडकमा हिँडडुल गर्ने व्यक्तिहरू निरन्तर लुटिन थालेपछि प्रहरीमा उजुरी बढ्दै गएको थियो । त्यसपछि अनुसन्धानमा खटिएको प्रहरीले सीसी क्यामेरा फुटेज अध्ययन गर्दा एउटा मोटरसाइकलमा तीन जना सवार भएर लुटपाट गर्ने शैली पत्ता लगाएको थियो । त्यसकै आधारमा बुधबार साँझ ६ बजेदेखि बिहीबार बिहान ३ बजेसम्म ९ घन्टा लामो विशेष अपरेसन चलाएर प्रहरीले १० जनालाई पक्राउ गर्न सफल भएको जनाएको छ । पक्राउ पर्नेमा काभ्रे भुम्लु-३ का विनय तामाङ, सिन्धुली मरिण-५ का २४ वर्षीय आयन माझी, मरिण-७ का ३२ वर्षीय सविन माझी, मोरङ पथरीका २३ वर्षीय मनिष रमाइली, काभ्रे चौरी देउराली-१ का २९ वर्षीय पेमा तामाङ, सोही स्थानका २० वर्षीय सलोन तामाङ, काभ्रे भुम्लु-१ का १८ वर्षीय राजीव भण्डारी, रामेछाप दोरम्भा-८ का ३२ वर्षीय विशाल तामाङ, खोटाङ घर भएका २८ वर्षीय विदुर विश्वकर्मा र सिन्धुपाल्चोक लिसंखुपाखर-३ का २९ वर्षीय फुर्वा तामाङ रहेका छन् ।

प्रहरीका अनुसार मुलपानी क्रिकेट मैदान नजिक चेकिङ पोस्ट राखिएको बेला प्रहरीले रोक्न आग्रह गर्दा विनय तामाङले प्रहरीलाई पेल्दै अघि

*बाँकी अन्तिम पृष्ठमा*

## ६ महिनामा ३८ करोड बढीको मल बिक्री

वीरेन्द्र कर्ण

जनकपुरधाम, १५ माघ । कृषि समाग्री कम्पनी लि.शाखा कार्यालय जनकपुरधामले आर्थिक वर्ष २०८२/०८३ को अर्धवार्षिक अवधिमा ३८ करोड, ९० लाख ६९ हजार ४ सय १५ रुपैया मूल्य बराबरको रसायनिक मल युरिया, डिएपी र पोटास बिक्री गरेको छ ।

सो कार्यालयले धनुषा र महोत्तरीमा रहेका २२५ डिलर मार्फत सहज रुपमा मल उपलब्ध गराउँदै आईरहेको सूचना अधिकारी बेचन साहले बताए ।

सूचना अधिकारी साहका अनुसार सो अवधिमा कार्यालयले यूरिया ११ करोड, ७६ लाख ८७ हजार ८७ रुपैया मूल्य बराबरको ६ हजार ९ सय १८ मेटन युरिया, २६ करोड ८२ लाख २४ हजार ४ सय ९७ रुपैया मूल्य बराबरको ५०८२९.७०० मेटन डिएपी र ३१ लाख ५७ हजार ८२८ रुपैया मूल्य बराबरको ९२.८५० मेटन पोटास बिक्री गरेको छ ।

कार्यालयले सहज रुपमा आफ्ना डिलरहरुलाई मल उपलब्ध गराएपनि स्थानीय पालिकाले आफूखुशी आफ्ना नजिकका मान्छेलाई मल बिक्री गर्दा वास्तविक किसान अहिलेपनि मल पाउनबाट वन्चित रहेको गुनासो छ । अहिले कम्पनीसँग पर्याप्त मात्रामा मल रहेकोले यसवर्ष मलको अभाव नहुने बताइएको छ ।


निर्वाचनको समयमा मतदाताले ध्यान दिनुपर्ने कुरा ।

- मतदाता नामावलीमा नाम तथा विवरण सही भए नभएको यकिन गरौं।
- तोकिएको केन्द्रमा प्रमाणसहित मतदान गर्न जाऔं ।
- मतदान स्थल, केन्द्र, समय र प्रकृयाका बारेमा अरुलाई पनि जानकारी गराऔं ।
- महिला, वृद्धवृद्धा, अपांगता भएका व्यक्ति र अशक्तलाई मतदान गर्न सहयोग गरौं ।
- निर्वाचन आचारसंहिताका बारेमा जानकारी राखौं र अरुलाई पनि जानकारी गराऔं ।
- आचारसंहिता उल्लघंन भएको देखिएमा निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतलाई जानकारी गराऔं ।
- कसैको डर, त्रास, धम्की वा लोभ लालचामा नपरौं / नपारौं ।

*निर्वाचनको निष्पक्षता कायम गर्न सहयोग गरौं र गराऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# बारा हत्याकाण्ड र समाजको असुरक्षा

बाराको परवानीपुर गाउँपालिका १, रहरियाडीमा घटेको आमा-छोराको नृशंस हत्या घटनाले समाजलाई स्तब्ध बनाएको छ। एकै परिवारभित्र रातको समयमा भएको यो जघन्य अपराधले घरेलु सुरक्षा, पारिवारिक सम्बन्ध र अपराध अनुसन्धानप्रतिको गम्भीर प्रश्न उठाएको छ।

घटनामा ५२ वर्षीया सुमित्रा देवी र उनका ३२ वर्षीय छोरा रामेश्वर मण्डलको ज्यान गएको छ भने परिवारका अन्य सदस्य घाइते भएका छन्। प्रारम्भिक अनुसन्धानका क्रममा मृतक रामेश्वरकी श्रीमती मनिता देवीलाई प्रहरीले नियन्त्रणमा लिएर सोधपुछ गरिरहेको छ। प्रहरीका अनुसार बाहिरबाट आएको एक युवक संलग्न हुनसक्ने आशंकासहित अनुसन्धान अघि बढाइएको छ।

यो घटना केवल आपराधिक समाचार मात्र होइन, समाजभित्र लुकेका धेरै यथार्थहरूको ऐना पनि हो। पहिलो प्रश्न, आफ्नै घरभित्र यति सजिलै कसरी हिंसा प्रवेश गर्छ ? परिवार, जुन सुरक्षित आश्रय हुनुपर्ने हो, त्यही स्थानमा यस्तो अपराध हुनु सामाजिक संरचनामाथि गहिरो प्रहार हो। पारिवारिक विवाद, अविश्वास, र सम्बन्धभित्रको असन्तुलन समयमै सम्बोधन नहुँदा त्यसले कस्तो भयावह रूप लिन सक्छ भन्ने यो घटनाले देखाएको छ।

दोस्रो, अनुसन्धानको संवेदनशीलता र जिम्मेवारी। प्रारम्भिक आशंका, स्रोतका भनाइ, र अपुष्ट विवरण सार्वजनिक हुँदा न्याय प्रक्रियामाथि असर पर्न सक्छ। दोषी ठहर हुनुअघि नै कसैलाई अपराधीको रूपमा चित्रित गर्नु न्यायका आधारभूत मान्यताविपरीत हुन्छ। त्यसैले प्रहरीले प्रमाणमा आधारित, निष्पक्ष र पारदर्शी अनुसन्धानमार्फत सत्य बाहिर ल्याउनुपर्छ।

तेस्रो, ग्रामीण क्षेत्रको सुरक्षा अवस्था। राति घरभित्र पसेर अपराध हुनुले सुरक्षा संयन्त्रको कमजोरी उजागर गर्छ। स्थानीय तह, प्रहरी र समुदायबीच समन्वय बलियो नभएसम्म यस्ता घटना दोहोरिन सक्छन्। छिमेकी सतर्कता, सामुदायिक निगरानी र तत्काल सूचना आदान(प्रदानजस्ता उपायहरूलाई संस्थागत गर्न आवश्यक देखिन्छ।

अन्ततः, यो घटनाले समाजलाई आत्ममन्थन गर्न बाध्य बनाएको छ। पारिवारिक विवादलाई गोप्य राख्ने प्रवृत्ति, समयमै संवाद नगर्ने संस्कार, र सामाजिक दबाबले सिर्जना गर्ने तनाव यस्ता दुर्घटनाका कारक बन्न सक्छन्। राज्यको दायित्व केवल दोषीलाई कानुनी कठघरामा उभ्याउनु मात्र होइन, यस्ता अपराध जन्मिन नदिने वातावरण निर्माण गर्नु पनि हो।

बारा हत्याकाण्डको निष्पक्ष छानबिन, दोषीमाथि कडा कारबाही र पीडित परिवारलाई न्याय दिलाउनु अहिलेको प्राथमिक आवश्यकता हो। साथसाथै, यस घटनाबाट पाठ सिकेर समाज र राज्य दुवैले घरेलु असुरक्षा र पारिवारिक हिंसाका मूल कारणतर्फ गम्भीर ध्यान दिनु अपरिहार्य छ।

# ओली सत्ताविरुद्ध युगको विचार र बालेनको भीड



डिकर्ण मल्ल

निर्वाचन केवल सरकार चयन गर्ने गणितीय प्रक्रिया मात्रै होइन। यो नागरिक सहभागितामार्फत लोकतन्त्र सुदृढीकरणको सबैभन्दा प्रभावकारी माध्यम पनि हो। प्रतिनिधिहरू आफ्ना एजेन्डा लिएर चुनावी मैदानमा प्रस्तुत हुन्छन् र त्यसै आधारमा जनताले आफ्नो स्वतन्त्र मताधिकार प्रयोग गरी योग्य उम्मेदवार छान्छन्।

तर यसको प्रयोग नेपालमा लोकतन्त्र आगमनको लगभग दुई दशकसम्म पनि सत्ताको कुर्सीमा उहीँ पात्र र प्रवृत्तिको पुनरावृत्ति हेर्दा यो लोकतन्त्र संस्थागत नभई राजनीतिक गुण्डागर्दीको चलनलाई निरन्तरता दिने वैधानिक माध्यम जस्तै बनेको छ।

कतिपय ठाउँमा शक्तिकै आडमा बुथसमेत कब्जा गरेर चुनाव जितेका तथ्य पनि छन्। प्रतिनिधिसभा निर्वाचन ०७९ को पूर्ण कार्यकाल नसकिँदै परिस्थितिवश नागरिक माझ पुनः मत प्रयोगको अवसर आइपरेको छ। बहुदलीय लोकतन्त्रमा आधारित स्थिर सरकार चाहने मुलुकका निम्ति यो सायदै देख्न र भोग्न विवश क्षण हो।



यतिबेला निर्वाचन क्षेत्र झापा-५ हटस्पट बनेको छ। यसको मुख्य केन्द्रमा छन् बालेन, आम जनतामा उनको महिमा मण्डनको खास कारण ओलीलाई चुनौती दिँदैछन् भन्ने छ। तर स्मरण रहोस्, ०७९ को संसदीय निर्वाचनमा पनि जो बालेनभन्दा अघि नै स्वतन्त्र उम्मेदवारका रूपमा केपी ओलीविरुद्ध वैचारिक मेनिफेस्टोसहित उभिएका थिए। ती हुन् लेखक तथा नागरिक अभियन्ता युग पाठक।

खासमा उनी झापा-५ मा प्रकट हुनु अघि जेठमै स्थानीय निर्वाचनमा काठमाडौंको मेयर पदमा लड्ने हल्ला पनि थियो। तर स्वतन्त्र लहरको होहल्ला माझ काठमाडौंमा बालेन झुल्किए। युग पाठक भने मंसिरमा प्रतिनिधिसभाका लागि राजधानीबाट मोफसलमा पुगे। यहाँसम्म स्वतन्त्र नामको ट्रेन्ड दल भित्र कि दल बाहिर भनेर आफूलाई मतदातासामु प्रस्तुत हुने केवल साझा चिनारी थियो। तर राजनीतिक विचारको हिसाबले पाठक र बालेन बिलकुलै दुई फरक ध्रुव हुन्। युग पाठक राष्ट्रवादी भाष्यप्रति सचेत आलोचक हुन् भने बालेन भावनात्मक राष्ट्रवादका कट्टर समर्थक। बालेनको चुनाव चिह्न लौरो थियो भने युग पाठकको चुनाव चिह्न पुतली। यतिखेर युग पाठकझैँ ओलीसामु बालेन उभिएका छन्। तर दृश्य फरक छ।

युग पाठकले चुनाव प्रचार-प्रसारका लागि बालेनले जस्तै दलबलका साथ लोक रिझ्याईं गरेनन्। वास्तवमा को हुन् युग पाठक ? जो चुनावी तामझाम बिना केवल एकजना हितैषी साथ बस चढेर ओलीगढ झापा पुगेका थिए।

युग पाठक सत्ता र स्थापित इतिहासलाई प्रश्न गर्ने समकालीन बौद्धिक व्यक्ति हुन्। प्रगतिशील राजनीतिक विचारको पृष्ठभूमिमा स्थापित उनको आलोचनात्मक दृष्टिकोणलाई उनी सामूहिक चेतनाका रूपमा जोड्ने आन्दोलनमा थिए। त्यसलाई उनले उत्स्रवण आन्दोलन अर्थात 'ओजुलुसन मुभमेन्ट' नाम दिएका थिए। यसको अर्थ हत्केलाले केही उजाउने भन्ने हुन्छ।

दर्शनमा यसको प्रयोग लाक्षणिक अर्थमा विचारको उभारलाई अञ्जुलीको स्वरूपले उघार्नु हो। यसले विद्यमान नेपाली समाजका मूल समस्या उजागर र समाधान खोज्न प्रेरित गर्छ। नेपाली समाज विविध समस्याले घेरिएको छ। यस सबैका पछाडि उनले दार्शनिक सङ्कट रहेको निष्कर्ष निकाल्छन्। उनका अनुसार जमिनसँग जोडिएको नेपाली समाजको जरा कृषिको समाप्तिसँगै रेमिटेन्समा परनिर्भर अर्थतन्त्र उदयको मूल कारण हो- 'युरो-उपनिवेशी व्यूह'। यसले निर्माण गरेको विश्वव्यापी विकास र विकारको दलदलमा नेपाली समाज मात्र होइन, पूरै विश्व फसेको तर्क गर्छन् उनी। भविष्यको चिन्ता र वर्तमानको निकास खोज्नु यस दर्शनको उपदेयता हो। जसले प्रकृति, स्थानीय ज्ञान र जन-जनको शिर उठाउने मौलिक अभियान प्रारम्भ गरी विकास र विचारको युरो-उपनिवेशी व्यूहबाट निस्कन आग्रह गर्छ।

विगत चार वर्षदेखि डिजिटल पत्रिका चेतलुङमार्फत उनले वैचारिक अभियान पनि चलाए। तर, बहुराष्ट्रिय कम्पनीका विज्ञापनमुखी बजार-केन्द्रित मिडियासामु विचारको आँधीबेहरी उठाउने प्रयास असफल रह्यो।

मिथकमार्फत आफ्ना विचार भन्ने लेखक युग पाठकको 'उर्गेनको घोडा' उपन्यास माओवादी जनयुद्धले उब्जाएका केही विरोधाभासी प्रश्नलाई न्यायपूर्ण ढङ्गले जवाफ दिने सशक्त कृति हो। यसले सीमान्तकृत समुदाय र आवाजविहीन वर्गप्रति संवेदनशील भएर राज्यलाई प्रश्न गर्छ।

अर्को 'माङ्गेना' पुस्तक साहित्यमा एक विचारको उभार हो। यसले राष्ट्रवादी भाष्यप्रति पनि प्रखर आलोचनात्मक चेत प्रकट गर्छ। जुन किताब अत्यधिक प्रशंसा साथै विवादास्पद पनि रह्यो। उनलाई नेपाली समाजको प्रगतिशील तप्काले सम्मान र अतिराष्ट्रवादी तप्काले कट्टर आलोचनाको नजरले हेर्छ।

ओलीको अकर्मण्यताविरुद्ध होस् या कुनै पनि सरकार हुँदा राज्यसत्ताको अलोकतान्त्रिक कदम विरुद्ध सयौं लेख लेखे उनले। तर दुर्भाग्य नै भन्नु पर्ला नेपाली समाजले युगलाई चिन्दैन बालेन चिन्छ। किनकि यो विचार र भिडको द्वन्द्वात्मक युग हो। जहाँ विचारलाई पराजित गरेर भिडको बिजय हुन्छ, बहुमतको राजनीतिमा यसलाई केही हदसम्म लोकतान्त्रिक प्रकिया मान्न त सकिएला तर बिचारहीन राजनीतिको अफिममा लट्ठिएको समाजले भोग्ने दुर्दशा अन्ततः यही नै हो यो।

यतिबेला राजनीतिमा विचार भन्ने चीज कुनै लोपोन्मुख चराको नाम जस्तै छ। आजको पुस्ताले राजनीति, इतिहास, दर्शन र समाज खासै केही पढ्दैन। पढ्ने सिमित पाठकहरूमा पनि सतही समझ छ। सामाजिक जीवन आफैँमा राजनीतिमय छ। विचार र व्यवहारको तालमेल मिलाउन जाने पनि नजाने पनि आखिर लेखकले लेख्ने साहित्य र सिद्धान्त नै हो।

जो पाठकीय विचारको शुष्म झ्यालबाट मन-मस्तिष्कमा पुगेर विद्रोहको बीउ रोप्न सक्छ। सायद यतिबेला युग पाठक आफ्नो कुनै अर्धलिखित उपन्यासको पुरानो पाण्डुलिपि खोतल्दै होलान्। बालेन, युग पाठकको राजनीतिक, वैचारिक पहुँचको छेउछाउसम्म मुस्किलैले पुग्लान्। तर युग पाठकलाई झापाले चिनेन। अहिले झापाको चुनावी प्रचार-प्रसार हेर्दा देश-मधेस बालेनमय उर्फ घण्टीमय छ। भिडको आकर्षक, जानकी र पाथिभारा माताको आशीर्वाद आफूसँग भएपछि पब्लिक बहस बहिस्कार ठुलो कुरा होइन।

*बाँकी पृष्ठ ३मा*

## तपाईको आज

- मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।
- वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।
- मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।
- कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।
- सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।
- कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।
- तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।
- वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।
- धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।
- मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।
- कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।
- मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू


| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बच्छार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

समाचार दैनिक जनकपुर

# अमेरिकामा किन भटाभट डिलिट गरिँदैछ टिकटक एप ?




सोसल मिडिया प्लेटफर्म टिकटकले अमेरिकामा आफ्नो व्यवसाय सञ्चालनका लागि नयाँ ज्वाइन्ट भेन्चरको घोषणा गरेसँगै अमेरिकी प्रयोगकर्ताहरू अनुसन्तुष्ट देखिन थालेका छन्। फलस्वरूप अमेरिकामा ठूलो सङ्ख्याका टिकटक प्रयोगकर्ताहरूले आफ्नो स्मार्टफोनबाट एप डिलिट गर्न थालेका छन्।

मार्केट रिसर्च कम्पनी सेन्सर टावरका अनुसार पछिल्लो पाँच दिनमा टिकटक डिलिट गर्ने अमेरिकी प्रयोगकर्ताको संख्या अघिल्ला तीन महिनाको औसतभन्दा करिब १५० प्रतिशतले बढेको छ।

*के हो विवादको जड ?*

अमेरिकी सरकारले टिकटक अमेरिकालाई बिक्री गर्न वा वा प्रतिबन्धको सामना गर्न पटक-पटक अल्टिमेटम दिँदै आएको छ। यससँगै टिकटकले गतबिहीबार एडम प्रेसरको नेतृत्वमा नयाँ संयुक्त उपक्रम अर्थात् ज्वाइन्ट भेन्चर गठन गर्यो।

उक्त घोषणासँगै अमेरिकी टिकटक प्रयोगकर्ताहरूलाई कम्पनीको नयाँ प्राइभेसी नीति स्वीकार गर्नुपर्ने सूचना पठाइयो। सोही नयाँ सूचनाले तत्कालै नयाँ विवादको जन्म दियो।

टिकटकले अत्यन्तै संवेदनशील र व्यक्तिगत विवरण संकलन गर्न सक्ने चिन्ता प्रयोगकर्ताहरूमा देखिएको छ। जाति तथा नस्ल, यौनिक पहिचान, समलैंगिकताको अवस्था, नागरिकता (आप्रवासन अवस्था) तथा वित्तीय विवरण लगायतका व्यक्तिगत जानकारीहरू टिकटकले संकलन गर्नसक्ने आशंका गरिएको छ।

कतिपय रिपोर्टले भने उल्लेखित प्रावधानहरू नयाँ नभएको र यस्तै व्यवस्था सन् २०२४ को अगष्टमा जारी गरिएको प्राइभेसी नीतिमा समेत उल्लेख रहेका जनाएका छन्। तर अमेरिकामा टिकटक सञ्चालनका लागि खडा गरिएको नयाँ ज्वाइन्ट भेन्चरले प्रयोगकर्ताको डाटा सुरक्षाको विषयमा रहेको शंका र चिन्तालाई बलियो बनाइदिएको विश्लेषकहरूको भनाइ छ।

*विश्वासमा गिरावट : क्रिएटर्सको असन्तुष्टि*

यसैबीच टिकटकप्रतिको विश्वास कमजोर भएको भन्दै कैयन् चर्चित कन्टेन्ट क्रिएटरहरूले आफ्नो टिकटक अकाउन्ट डिलिट गरेका छन्। करिब ४ लाख फलोअर्स बनाएकी ड्रे रोनेन पनि यसमा पर्छिन्। उनले थ्रेड्समा लेखेकी छिन्- यदि मजस्तो व्यक्तिले आफ्नो सबैभन्दा ठूलो प्लेटफर्म छोड्न सक्छु भने अरूले पनि सजिलै छोड्न सक्छन्।

४० लाखभन्दा बढी फलोअर्स भएकी नाद्या ओकामोटोका अनुसार टिकटक कम्पनीले क्रिएटर्ससँग स्पष्ट र खुला संवाद नगरेकाले डर र अन्योल फैलिएको छ।

उसो त हालै टिकटक एपमा देखिएका प्राविधिक समस्याका कारण धेरै प्रयोगकर्ताले यसमा भिडियो अपलोड गर्न सकेका थिएनन्। टिकटकका अनुसार अमेरिकास्थित एक डाटा सेन्टरमा विद्युत आपूर्ति अवरुद्ध हुँदा यस्तो समस्या आएको हो।

*प्रतिस्पर्धी एप्सलाई फाइदा*

अमेरिकामा देखिएको पछिल्लो ट्रेण्डका कारण अहिलेसम्म टिकटकका सक्रिय प्रयोगकर्ताको संख्यामा उल्लेख्य गिरावट नदेखिएको भएपनि यसको असर प्रतिस्पर्धी एपहरूमा स्पष्ट देखिएको छ।

सोसल मिडिया प्लेटफर्म अपस्क्रोल्डका प्रयोगकर्ताको वृद्धिदर १ हजार प्रतिशतभन्दा बढी पुगेको छ। त्यसैगरी स्काइलाइट सोसलका प्रयोगकर्ताको संख्या ९१९ प्रतिशत र रेडनोटका प्रयोगकर्ताको संख्या ५३ प्रतिशतले बढेको छ।

अमेरिकामा टिकटकको अनिश्चित अवस्थाका कारण धेरै क्रिएटरहरू पछिल्लो समय इन्स्टाग्राम र युट्युबजस्ता वैकल्पिक प्लेटफर्मतर्फ सर्न थालेको समाचारहरूमा उल्लेख छ। एजेन्सी

# अमेरिकाविरुद्ध डेनिस जनताले छेडे 'अनलाइन युद्ध'

डेनमार्कका नागरिकहरूले अमेरिकाविरुद्ध एक अनौठो अनलाइन युद्ध सुरु गरेका छन्।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले डेनमार्कको स्वामित्वमा रहेको ग्रीनल्यान्डमाथि कब्जा जमाउने धम्की दिएपछि युरोपभरि नै अमेरिकाप्रति आक्रोश फैलिएको छ। यसमा अझ डेनिस जनताको आक्रोश उच्च बिन्दुमा पुगेको छ।



ट्रम्पको विरोधस्वरूप डेनमार्कका जनताले अमेरिकी सामानविरुद्ध अनलाइन अभियान थालेका छन्। उनीहरूले अमेरिकी उत्पादनको बहिष्कार सुरु गरेका छन्। अमेरिकी सामान पहिचान गर्न उनीहरूले यस्ता एपको प्रयोग गरिरहेका छन्, जसले कुनै वस्तु कहाँ बनेको हो र त्यसलाई उत्पादन गर्ने कम्पनी कुन देशको हो भन्ने कुरा सजिलै जानकारी गराइदिन्छ।

*अचानक बढ्यो 'एन्टी-अमेरिका' एपको डाउनलोड*

डेनमार्कमा स्मार्टफोनहरूमा एकाएक यस्ता मोबाइल एपहरूको बाढी आएको छ, जसले उपभोक्तालाई कुन सामान अमेरिकामा बनेको हो र त्यसका स्थानीय विकल्प के-के हुन सक्छन् भन्ने कुरा पहिचान गर्न मद्दत गर्छन्। यो बहिष्कार अभियान डेनमार्कमा मात्र सीमित नरही ग्रीनल्यान्ड, नर्वे, स्विडेन र आइसल्यान्डजस्ता देशहरूमा पनि तीव्र गतिमा फैलिँदै गएको छ। यसका कारण युरोपमा अमेरिकी सामानको बिक्री घट्ने र डेनमार्कका उत्पादकहरूको बिक्री बढ्ने आँकलन गरिएको छ।

*बारकोड स्क्यान गरेर अमेरिकी सामान पहिचान*

यो अमेरिकाविरोधी अनलाइन संघर्षमा डेनिसहरूले 'ननयूएसए' र मेड ओ'मिटर जस्ता एपहरू आफ्नो फोनमा भटाभट डाउनलोड गरिरहेका छन्। 'ननयूएसए' एप यो साताको बुधबार डेनमार्कको एप स्टोरमा पहिलो स्थानमा पुगेको छ, जबकि केही दिनअगाडि मात्र यो ४०० औं स्थानभन्दा पनि तल थियो।

यस एपबाट प्रयोगकर्ताले कुनै पनि सामानको बारकोड स्क्यान गरेर तुरुन्तै त्यो उत्पादन अमेरिकी हो कि होइन भन्ने जानकारी पाउन सक्छन्। यदि सामान अमेरिकी भएको पुष्टि भयो भने यो एपले त्यसको सट्टामा डेनमार्कमा बनेका स्थानीय विकल्पहरूको सूची तुरुन्तै देखाइदिन्छ।

तथ्यांकअनुसार, पछिल्लो एक हप्तामा यस्ता एपहरूको डाउनलोडमा ८६७ प्रतिशतको भारी वृद्धि भएको छ। यसले मानिसहरू आफ्नो विरोधलाई प्रभावकारी बनाउन प्रविधिको प्रयोग गरिरहेका छन् भन्ने स्पष्ट देखाउँछ।

*नेटफ्लिक्स र बिदा मनाउन अमेरिका जाने योजना समेत रद्द*

युरोपेली उपभोक्ताहरूको यो आक्रोश केवल पसलसम्म मात्र सीमित छैन। डेनमार्कका नागरिकहरूले अब नेटफ्लिक्सजस्ता अमेरिकी स्ट्रिमिङ सेवाहरूको सदस्यता पनि रद्द गर्न थालेका छन्। यति मात्र होइन धेरै मानिसहरूले त अमेरिकामा बिदा मनाउने योजना तथा होटल बुकिङसमेत रद्द गरेका छन्। यो आन्दोलनले अहिले अभियानको रूप लिँदै गएको छ। जहाँ मानिसहरूले अमेरिकी अर्थतन्त्रलाई असर पारेर आफ्नो असन्तुष्टि व्यक्त गर्न चाहिरहेका छन्।

युरोपका स्मार्टफोन प्रयोगकर्ताबीच पछिल्लो समयमा 'च्भवकभपयचत' जस्ता यात्रा सम्बन्धी एप र अन्य स्थानीय सेवाहरू पनि लोकप्रिय बनिरहेका छन्। यसको कारण मानिसहरूले अब अमेरिकाको सट्टा आफ्नै देश तथा छिमेकी क्षेत्रमा यात्रा गर्न प्राथमिकता दिन थालेका छन्।

यद्यपि डेनमार्कको स्मार्टफोन एप बजार अमेरिका वा चीनको तुलनामा सानो छ तर हाल देखिएको ट्रेन्डले धेरै कुरा संकेत गरिरहेको छ। डेनमार्कमा कुनै एप टप टेनमा पुग्नका लागि केही हजार डाउनलोड नै पर्याप्त हुने गर्छ। तर 'ननयूएसए' जस्ता एपहरू अत्यन्तै छिटो समयमा शीर्षस्थानमा उक्लिनुलाई त्यहाँको सामाजिक वातावरणमा आएको ठूलो परिवर्तनको संकेत मानिएको छ।हुनत डेनमार्कमा अहिले पनि सबैभन्दा लोकप्रिय एपहरूको सूचीमा शपिङ, च्याटजिपिटी र माइक्रोसफ्टजस्ता केही अमेरिकी एपहरू अझै कायम छन्। तर अमेरिका बहिष्कारसँग सम्बन्धित एपहरूको बढ्दो लोकप्रियता र सङ्ख्याले प्रविधि जगतमा नयाँ तरंग उत्पन्न गराएको छ। त्यसैले राजनीतिक तनाव मथ्थर नहुन्जेलसम्म डेनिस बजार र स्मार्टफोनहरूमा अमेरिकी कम्पनीहरूको अवस्था असहज नै हुने देखिन्छ। एजेन्सी

# ओली सत्ताविरुद्ध..........

यसको अन्तर्य बालेनको हाइरार्कीसँगै पछिल्लो समय उनले लिएको पार्टीको पक्षधरता हो। उनी आबद्ध पार्टीले न संघीयताको स्पष्ट वकालत गर्छ, न गणतन्त्रको। बरु रास्वपाका शीर्ष नेताहरू नै प्रदेश खारेजीको पक्षमा छन्। तर पनि मधेस पुगेपछि संघीयताको कुन गीत गाउने र पहाड चढेपछि मन्दिरमा शिर झुकाउने ज्ञान उनलाई नेपाली राजनीतिले राम्रैसँग सिकाइसकेको छ।

यतिबेला झापा- ५ को निर्वाचन ओली कि बालेन, कसले जित्छ भन्ने होइन। पुनः ओली चुनिए भने अनौठो मान्नुपर्ने छैन। राप्रपा जस्तो दक्षिणपन्थीको साथ लिएर भएपनि जित पोल्टामा पार्न सक्छन् उनी। ओली पराजित हुनु भनेको एक किसिमले झापा- ५ ले प्रतिगमन विरुद्ध परिवर्तन चाहन्छ भन्ने तर्क त आउन सक्छ तर साथसाथै बालेनको उदयसगैं युग पाठकजस्ता वैचारिक साधकलाई नचिन्ने झापा- ५ बाटै नेपाली समाजको राजनीतिक बौद्धिक दरिद्रता पनि प्रमाणित हुनेछ।

यसर्थ झापा- ५ पुनः चेतनाको कटघरामा उभिएको छ।

*दल नयाँ कि विचार ?*

समय परिवर्तनशील छ। यहाँ एक शब्दमा भन्नुपर्दा हामीलाई सबै कुरा नयाँ चाहिन्छ। तर मननीय कुरा के हो भने, जेनजी आन्दोलनपछि जिउँदो जाग्दो एउटा सवाल खडा भएको छ। अब पुराना दल कि नयाँ ? कुनै पनि दलहरू निश्चित सिद्धान्तमा आधारित हुन्छन्। यो दल निर्माणको आधारभूत सर्त हो।

सन् १७८९ को फ्रान्सेली राज्य क्रान्ति पश्चात् जन्मिएका दुई खेमा, जुन हालसम्म दक्षिणपन्थी र वामपन्थी राजनीतिक विचारधाराको प्रतिनिधित्व गर्छन्। राजनीतिशास्त्र अनुसार परापूर्वकालदेखि राजतन्त्रमा आस्था राख्ने दलहरू बाहेक आफूलाई समयको मागअनुसार परिमार्जन गर्दै लोकतान्त्रिक समाजवादी व्यवस्थामा विश्वास गर्ने सबै दलहरू सङ्गठनात्मक हिसाबले मात्रै नभई विचारले पनि नयाँ हुन्। यसमा कुन दलको कुन मितिमा न्वारान गरियो र हाल कति वर्ष पुरानो भयो भन्ने कुराले अर्थ राख्दैन।

इतिहासमा नेपाल प्रजा परिषद्, राप्रपा, नेमकिपा, नेपाल लोकतान्त्रिक फोरम, जनमोर्चा लगायतका पार्टी सत्ता साझेदारका वाहक थिए। आजको राजनीतिमा यिनको नामसम्म त छ, तर प्रभाव लगभग शून्य छ। निरङ्कुश राजतन्त्रात्मक समयमा विचारका हिसाबले प्रजातन्त्र नै सबैभन्दा नयाँ विचार थियो।

गणतन्त्रमा लोकतन्त्र यसको परिमार्जित स्वरूप भएर आयो। युवा पुस्ता आजका आवश्यकता हुन्। तर समाजको उत्पत्ति, राजनीतिक विकासका ऐतिहासिक चरण, आजको वर्तमान राज्य-राष्ट्रको आवश्यकता र अवधारणाबारे सतही समझसम्म नराखी जतिसुकै 'डिजिटल डेमोक्रेसी' को रटान गरे पनि अन्ततः समाज धकेलिने उल्टो गतितिरै हो।

तसर्थ नयाँ स्वरूप तर विचार पुरानै लिएर आए भने ती नामका मात्रै नयाँ हुन्। यतिखेर विश्व चरम पुँजीवादको उत्तरार्द्ध र समाजवादको सुरुआती चरणमा छ। यसर्थ लोकतान्त्रिक समाजवादको वकालत गर्ने सबै दलहरू नयाँ हुन्। अझ नेपालको सन्दर्भमा लोकतन्त्र, संघीयता र धर्म निरपेक्षता जस्ता राजनीतिक आन्दोलनका उपलब्धिहरूलाई संस्थागत गर्न जन्मिएका प्रत्येक दल नयाँ हुन।

यद्यपि साझा एजेन्डा भएका हरेक राजनीतिक दल र सामाजिक सङ्गठनहरू सामूहिक चेतनाले एउटै खेमामा जोडिनु अपरिहार्य छ। यहाँनेर प्रश्न उठ्न सक्छ, समाजवादको वकालत काँग्रेसदेखि कम्युनिस्टसम्म सबै दलले गरेकै छन् नि ! उसो भए पुराना कसलाई भन्ने ? जवाफ सरल छ, विचारधाराको हिसाबले दल पुरानो होइन, बरु ती दलहरूभित्रका नेताहरू पुराना हुन सक्छन्। ती दलभित्र तिनै नेताहरूको विकल्प खोज्ने हो, दलको होइन। उदाहरणका लागि नेपाली काँग्रेसको विशेष अधिवेशनमा जुन किसिमको रोचक दृश्य देख्न पाइयो, त्यो साहस पुराना भनिएका दलहरूमा आबद्ध गगनहरू जस्ता रूपान्तरण र पुस्तान्तरण चाहने हरेक पुस्ताले गरून्। तत्कालीन परिवेशमा एक नयाँ विचारको महत्त्व बृहत्तर समाजका लागि भन्दा तिनै दल सुदृढीकरणकै लागि आवश्यक छ।

वास्तवमै हिजोआजका दलहरू नयाँ बन्न चाहन्छन् भने नयाँ विचारसहितको नयाँ सङ्गठन सोही दलभित्रका प्रगतिशील सामूहिक चेतनाले निर्माण गर्नुपर्छ। यहाँ भन्न खोजिएको कुरा के हो भने लोकतान्त्रिक समाजको संवाहक रूपान्तरित विचार नै हो। अन्यथा नयाँ भनिने दलहरूले 'राजा आऊ, देश बचाउ' भन्ने विचार बोकेर आए भने ती दलहरूलाई कसरी नयाँ भन्ने ?

त्यसैले दल नयाँ र पुराना भन्ने हुँदैन, बरु त्यसको सट्टामा विचार नयाँ कि पुरानो भन्ने हो। पुरानो भयो भन्दैमा ताज्य र नयाँ भन्दैमा ग्रहणीय हुँदैन। यद्यपि आजको नेपाली समाजमा विद्यमान उपलब्धि, विशेषतः लोकतन्त्र रक्षार्थ जहाँ जो उभिन्छ, त्यहीँ नै राजनीतिमा नयाँ र वैकल्पिक शक्ति हो।

आजका कथित अग्रगामी दल अनुसार कालक्रमिक ढङ्गबाट हेर्दा मार्क्सवाद पुरानो सिद्धान्त हो। र, आजको पुँजीवादी संसारमा खाँटी कम्युनिस्ट हुनु भनेको असफल प्रयास होला। तर सामाजिक हित प्रवर्तक कुनै पनि विचारको औचित्य त तबसम्म रहन्छ, जबसम्म विद्यमान समाजमा व्याप्त असमानता कायम रहिरहन्छ। अन्यथा आधुनिक पुँजीवादको अखडा मानिने न्यूयोर्ककै रङ्गिन सहरमा हुर्केका जोहरान ममदानीको घोषणापत्रमा समाजवादी विचार कसरी अटाउँछ र ?

लोकप्रियताको बजारवादी पुँजीप्रधान समाजमा सङ्गठन र भिड प्रधान हुन सक्छ, तर पुँजी र सामरिक शक्तिकै आडमा असमानता चुलिँदै गएको समाजमा प्रत्येक मानिसमा विद्रोहको हुङ्कार कहीँकतै जिन्दा रहन्छ। र त्यो कहाँ, कसरी र कहिले विस्फोट हुन्छ भन्ने कुरा मात्र फरक हो।

यो युग नयाँ विचारको युग हो, जहाँ फेरि कुनै पनि विभेद र असमानको कठोर जमिन चिरेर नयाँ विचार जन्मिन सक्छ। त्यसलाई बोक्ने नयाँ दल जन्मिन सक्छ। बस त्यस सामूहिक चेतनालाई राष्ट्रव्यापी रूपमा जोड्ने एक सैद्धान्तिक स्वरूपको जरुरत छ। अर्को कुनै युग पाठकको खाँचो छ।

# दुर्गानन्द झालाई राष्ट्रिय विभूति घोषणा गर्न माग

दैनिक समाचारदाता

जनकपुरधाम, १५ माघ । प्रथम गणतन्त्रवादी शहीद दुर्गानन्द झाको ६२औं बलिदान दिवसका अवसरमा शहीद दुर्गानन्दलाई राष्ट्रिय विभूति घोषणा गर्न माँग गरेको छ ।

शहीद दुर्गानन्द स्मारक संरक्षण समितिद्वारा आयोजित बलिदान दिवस समारोहमा सहभागीहरुले सो माग गरेका हुन ।

समारोहमा मधेश प्रदेशका सभामुख रामआशिष यादवले अमर शहीद दुर्गानन्द झा देश र जनताका लागि प्रेरणाको स्रोत रहेको उल्लेख गर्दै उहाँको योगदान, भूमिका र बलिदानलाई अभिलेखमा सुरक्षित गर्न विशेष अभिलेखालय स्थापना गर्न आग्रह गरेका छन् । वरिष्ठ पत्रकार स्व. राजेश्वर नेपालीको अथक प्रयासबाट पूर्णकदको सालिक निर्माण भएकोप्रति उहाँ आभार प्रकट गरेका छन् ।



त्यस्तै पूर्व मन्त्री जुलीकुमारी महतोले गंगालाल, धर्मभक्त, दशरथचन्द र शुक्रराजले राणा शासनविरुद्ध आन्दोलन गर्दा राजाले सहयोग गरे पनि प्रथम गणतन्त्रवादी शहीद दुर्गानन्द झाले राजतन्त्रको अन्त्यका लागि बलिदान दिएको स्पष्ट औंल्याएकी छन् ।

स्मारक संरक्षण समितिका अध्यक्ष तथा वडा अध्यक्ष राघवेन्द्र साहले अमर शहीद दुर्गानन्द झाको प्रेरणादायी बलिदानमाथि प्रकाश पार्दै उहाँ शोषण, दमन र उपेक्षाको अन्त्यका लागि सयौँ शहीद जन्माउने महान व्यक्तित्व भएको बताए ।

उहाँले तीन करोड नेपालीका माझ दुर्गानन्द झा प्रथम गणतन्त्रवादी शहीद भएको उल्लेख गर्दै २०६५ साल असार ९ गते जनकपुर बौद्धिक समाजका अध्यक्ष महामना राजेश्वर नेपालीको अध्यक्षतामा सात सदस्यीय स्मारक निर्माण समिति गठन भएको जानकारी गराए ।

पत्रकार श्रीनारायण साहले प्रथम गणतन्त्रवादी शहीद दुर्गानन्द झालाई राष्ट्रिय विभूति घोषणा गर्न जोडदार माग गर्दै ज्ञात तथा अज्ञात सम्पूर्ण शहीदहरूको भावनाअनुसार संविधान संशोधन आवश्यक रहेकोमा जोड दिए ।

बलिदान दिवस कार्यक्रममा प्रा. रमेशकुमार साह, सीमाञ्चल दैनिकका सम्पादक उपेन्द्र भगत नागबंशी, डा. शम्भु साह, सरफुद्दीन राइन, सफिकुल्ला राइन, वडा सदस्य विभा देवी ठाकुर, सकुन्ती देवी महरा, मोहिनुद्दीन राइन, पूर्व वडा सदस्य कैलास साह, देवेन्द्र महतो, सन्तोष चौधरी, गुलाब साहलगायतले विचार व्यक्त गरेका छन् ।

# म्यानमारको 'स्क्याम' गिरोहमा संलग्न ११ जनालाई चीनमा मृत्युदण्ड



काठमाडौं १५ माघ । चीनले म्यानमारको सीमावर्ती क्षेत्रमा अनलाइन ठगी (स्क्याम) र आपराधिक साम्राज्य चलाउने कुख्यात माफिया परिवारका ११ सदस्यलाई मृत्युदण्ड दिएको छ। झेजियाङ प्रान्तको अदालतले सेप्टेम्बरमा मिंग परिवारका सदस्यहरूलाई हत्या, अवैध नजरबन्द, ठगी र जुवा घर सञ्चालन जस्ता विभिन्न अपराधमा दोषी ठहर गर्दै सजाय सुनाएको थियो।

चीनको सर्वोच्च अदालतले प्रमाणहरू पर्याप्त र निर्णायक रहेको भन्दै मृत्युदण्डको फैसलालाई अन्तिम रूप दिएको हो।

दक्षिण-पूर्वी एशियामा बढ्दो साइबर अपराध र मानव तस्करी विरुद्ध चीनले चालेको यो अहिलेसम्मकै कडा कदम मानिएको छ। स्क्याम सेन्टरहरूमा तस्करी गरी ल्याइएका मानिसहरूलाई बन्धक बनाएर विश्वभरका मानिसहरूलाई ठग्न प्रयोग गरिन्छ।

हालैका महिनाहरूमा चीनले म्यानमार र अन्य छिमेकी देशहरूसँग मिलेर हजारौँ यस्ता अपराधीहरूलाई पक्राउ गरी चीन फिर्ता ल्याएको छ। (बीबीसीबाट)

# एकैदिन तोलामा साढे २० हजार बढ्यो सुनको भाउ

काठमाडौं १५ माघ । नेपाली बजारमा सुनचाँदीको भाउले दिनहुँ नयाँ रेकर्ड राख्ने क्रम जारी छ ।


नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार आज बिहीबार सुनको भाउ प्रतितोला २० हजार ५ सय रुपैयाँ बढेको छ ।आज एक तोला सुनको भाउ ३ लाख ३९ हजार ३ सय रुपैयाँ कायम भएको छ । यो भाउ हालसम्मकै सर्वाधिक हो ।

हिजो बुधबार सुनको भाउ तोलामा ९ हजार ५ सय रुपैयाँले बढेर ३ लाख १८ हजार ८ सय रुपैयाँ कायम भएको थियो ।

मंगलबार छापावाल सुन तोलामा ३ सय रुपैयाँ बढेर ३ लाख ९ हजार ३०० रुपैयाँ थियो । आज १० ग्राम सुनको मूल्य तोलामा २ लाख ९० हजार ८ सय ९५ रुपैयाँ पुगेको महासंघले जनाएको छ ।

यस्तै चाँदीको मूल्य आज पनि बढेको छ । बुधबार चाँदीको भाउ २ सय ५ रुपैयाँले बढेर ७ हजार ५ सय ५ रुपैयाँ कायम छ ।मंगलबारको तुलनामा बुधबार चाँदीको भाउ प्रतितोला ४ सय ३० रुपैयाँले बढेर ७ हजार ३ सय रुपैयाँ कायम थियो ।

# हुम्लामा भारी हिमपात हुँदा किसान खुसी



हुम्ला १५ माघ। हुम्लामा भारी हिमपात हुँदा जनजीवन अस्तव्यस्त भएको छ । सदरमुकाम सिमिकोटदेखि उत्तरी भेग नाम्खा गाउँ सहित अन्यत्र जाने बाटो अवरुद्ध भएको छ । दुई दिनको हिमपातले गर्दा नेपालगञ्ज र सुर्खेतबाट सिमकोटको हवाई उडानसमेत बन्द भएको छ । यही माघ १४ गते भारी हिमपातका बावजुद पनि सदरमुकामका कार्यालयमा आगो बालेर सेवाग्राहीलाई सेवा दिइएको प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीले बताए ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र सरकारी कार्यालयका कर्मचारीले सिमकोट विमानस्थलमा रहेको हिउँ सफा गर्ने कार्य तीव्र बनाएका छन् । दक्षिणी भेगतिर पानी आएर आवतजावत बन्द भएको छ ।

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि हुम्ला जिल्लामा मनोनयन दर्ता गरेका सातवटै दलका उम्मेदवारहरुले हिमपात हुँदाहुँदै पनि गाउँ - गाउँमा प्रचारप्रसार गर्ने कार्य भइरहेको बताएका छन् ।

हिमपात भएपछि स्थानीय बासिन्दाले खुसी व्यक्त गरेका छन् । हिमपातले गर्दा मङ्सिरमा लगाएका जौं, गहुँ, उवा समेतका बालीलाई राम्रो भएको स्थानीय बासिन्दा बताउँछन् । रासस

# पूर्व प्रधानमन्त्री माधव नेपाल अस्पताल भर्ना

काठमाडौं १५ माघ । नेपाली कम्युनिष्ट पार्टीका सहसंयोजक एवम् पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल अस्पताल भर्ना भएका छन् । रुघा, खोकी र ज्वरोको समस्या देखिएपछि नेता नेपाल बुधबार त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल पुगेका थिए । त्यहाँबाट उनलाई मनमोहन कार्डियोथोरासिक भास्कुलर एण्ड ट्रान्सप्लान्ट सेन्टरमा लगेर भर्ना गरिएको हो ।

उपचार भने त्रिवि शिक्षण अस्पतालका छातीरोग विशेषज्ञ चिकित्सकले गरिरहेका छन्।

अस्पताल स्रोतका अनुसार उनलाई रुघा, खोकी र ज्वरोसँगै सास फेर्न गाह्रो (घ्यार-घ्यार) हुने समस्या देखिएको छ । 'टिचिङ अस्पतालमा क्याबिन नपाएपछि मनमोहनमा राखेर उपचार गरिएको हो । उपचार भने त्रिविकै छातीरोग विभागका चिकित्सकले गरिरहनुभएको छ,' अस्पताल स्रोतले जनाएको छ ।

बिहीबार बिहान नेता नेपालको स्वास्थ्य अवस्थाबारे जानकारी लिन पार्टीका संयोजक एवम् पूर्व




प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लगायत नेताहरू अस्पताल पुगेका थिए । यसैबीच, त्रिवि शिक्षण अस्पतालको भीआईपी क्याबिन नम्बर ६०१ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने भर्ना छन् ।

# जेनजी........

बढ्न खोजेका थिए । प्रहरीमाथि धक्कामुक्की भएपछि जवाफी कारबाहीस्वरूप गोली चलाउँदा तामाङको खुट्टामा गोली लागेको एसएसपी थापाले बताए । घाइते तामाङलाई राष्ट्रिय ट्रमा सेन्टरमा उपचारका लागि भर्ना गरिएको छ ।प्रारम्भिक अनुसन्धानमा गिरोहले स्वयम्भू, बौद्धलगायत उपत्यकाका विभिन्न स्थानमा कम्तीमा २७ पटक लुटपाट गरेको खुलेको छ । यो संख्या अझै बढ्न सक्ने प्रहरीको भनाइ छ । हालसम्म चार जनाको मात्र जाहेरी आए पनि राति काम सकेर फर्किने व्यक्ति, सागसब्जी बेचेर घर फर्किने महिलालगायत सर्वसाधारणलाई लक्षित गरी कानको सुन, सिक्री, औंठी, नगद र मोबाइल लुटिएको विवरण प्राप्त भएको छ ।

लुटपाटका क्रममा एक मोटरसाइकलमा तीन जना सवार हुने, खुकुरी देखाएर डराउने र लुटेपछि मोटरसाइकलमै फरार हुने



उनीहरूको शैली रहेको प्रहरीले जनाएको छ । घटनामा प्रयोग भएका खुकुरी बरामद गरिएको छ ।

प्रहरीले गिरोहबाट एउटा कार, एउटा ट्याक्सी र ६ थान पल्सर मोटरसाइकलसमेत बरामद गरेको छ । दिउँसो कार र ट्याक्सी प्रयोग गरी सम्भावित लक्ष्यको रेकी गर्ने र राति मोटरसाइकलमार्फत लुटपाट गर्ने उनीहरूको कार्यशैली रहेको प्रहरीको भनाइ छ । मोटरसाइकलको नम्बर प्लेट नचिनियोस् भनेर हिलो छ्याप्ने र चेकिङ परे हिलो लागेछ भन्दै टार्ने गरेको पनि खुलासा भएको छ ।

पक्राउ परेका १० जना नै क्रिमिनल रेकर्ड सिस्टम अनुसार पटके अभियुक्त रहेको प्रहरीले जनाएको छ । मुख्य नाइके विनय तामाङ यसअघि २०७९ सालमा चोरी मुद्दामा पक्राउ परेका थिए भने जेनजी आन्दोलनअघि पुनः डाँका चोरीमा पक्राउ परेका थिए । अन्य अभियुक्तहरू पनि डाँका चोरी, चोरी तथा लागुऔषधसम्बन्धी मुद्दामा पटक-पटक पक्राउ परिसकेका व्यक्ति भएको प्रहरीको भनाइ छ । पक्राउ परेका पेमा र सलोन तामाङ सहोदर दाजुभाइ रहेको पनि खुलेको छ ।

प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ ।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४